आज मिती २०८०।०१।२९गते का दिन यस सुर्नया गाउँपालिका स्तरिय शिक्षा समितिका अध्यक्ष श्री अम्मर बहादुर कुवँर ज्यू को अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा निम्न बमोजिमका निर्णयहरु पारित गरिए ।

## तपसिल उपस्थिति

| क्र. स. | नाम | पद | हस्ताक्ष्यर | मो.न. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अम्मर बहादुर कुवर | संयोजक | | 9848835072 | |
| २ | केशव बहादुर बिष्ट | सदस्य | | 9848803031 | |
| ३ | कमला चन्द | सदस्य | | 9864756994 | |
| ४ | लिला ठगुन्ना | सदस्य | | 9868869107 | |
| ५ | भागरति बोहरा | सदस्य | | | |
| ६ | जित बहादुर पाण्डे | सदस्य | | 9848836503 | |
| ७ | साबित्रि अवस्थि | प्र.अ महिला | | ९८४८८४३१६२ | |
| ८ | भक्त बहादुर कुवर | वि.व्य.स अध्यक्ष | | | |
| ९ | अपाङ्ग शिक्षक | | | | |
| १० | शिक्षा शाखा प्रमुख | सदस्य सचिव | | | |
| ११ | सुरेन्द्र [illegible] | का.स | | 9865707194 | |

आमन्त्रीत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | रघुनाथ अवस्थी | प्रमुख प्रशासकीय अधिकृत | | ९८४८५२६३२९ | |
| २ | गणेश बहादुर कुवर | सहायक शिक्षा शाखा | | 9848769417 | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रस्तावहरु:

१. खेलकूद समिति गठन सम्बन्धमा ।

२. आधारभूत तहमा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहमा निःशुल्क शिक्षा व्यवस्थापनका लागि वजेट व्यवस्थापन गर्ने सम्बन्धमा।

३. कक्षा ४ देखि ८ को सम्म स्थानीय पाठ्यक्रम निर्माण र वजेट व्यवस्थापन सम्बन्धमा ।

४ विद्यालय लेखाङ्कन प्रणाली सम्बन्धमा ।

५ गा.पा.अनुदान शिक्षकहरुको कार्यविधि सम्बन्धमा।

६ सामुदायिक विद्यालय समायोजन सम्बन्धमा । (तह,कक्षा,विद्यालय )

७ शैक्षिक योजना सम्बन्धमा ।

८ विद्यार्थी भर्ना अभियान सम्बन्धमा ।

९ निर्णय Website मा राखने सम्बन्धमा ।

१० शिक्षा ऐन र निमावली तर्जुमा सम्बन्धमा ।

११ वजेट आवश्यक भएका विषयहरुका सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं.१ माथि आवश्यक छलफल गर्दा यस सुर्नया गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्‍यालयहरुमा खेलकूद तथा राष्ट्रपति रनिङ शिल्डका लागि वजेट व्यवस्थापन र संचालन गर्न खेलकूद समिति गठनका लागि कार्यपालिकालाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २: यस सुर्नया गाउँपालिका भित्ररहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नेपालको संविधान (२०७२) भाग ३ धारा (३१) को उपधारा (२) मा भएको व्यवस्थालाइ कार्यान्वयन गर्न प्रति विद्‍यार्थी लागत कार्यविधि निर्माण गरी आवश्यक अनुदानको व्यवस्था गर्न कार्यपालिकालाई अनुरोध गर्ने निर्णय सर्वसम्मती बाट परित गरियो ।

निर्णय नं. ३: प्रस्ताव न.३.माथि आवश्यक छलफल गर्दा यस सुर्नया गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुका गत शैक्षिक सत्रमा कक्षा १-३ को स्थानीय पाठ्यक्रम निर्माण भईसकेको र यस शैक्षिक सत्रमा कक्षा ४ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गर्नु पर्ने भएकोले उक्त पाठ्यक्रम स्थानीय तहमार्फत निर्माण गर्नुपर्ने हुदा आवश्यक वजेट व्यवस्थाका लागि कार्यपालिकालाई अनुरोध गर्ने निर्णय सर्वसम्मती बाट पारित गरियो ।

निर्णय नं. ४: यस सुर्नया गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको आर्थिक लेखा प्रणालिलाई (SAS) चुस्त,दुरुस्त राख्न र Online भौचर मार्फत आर्थिक कारोवार संचालन गर्न तालिमको आवश्यकता भएकाले यस पालिकामा रहेका माध्यमिक तहका सहायक लेखापाल र प्र.अ. का लागि तालिम संचालन गर्न आवश्यक वजेट व्यवस्थाका लागि कार्यपालिकामा अनुरोध गर्ने निर्णय सर्वसम्मती बाट पारित गरियो ।

निर्णय नं. ५: यस सुर्नया गाउँपालिका भित्रका सामुदायिक विचालयहरुमा कार्यरत गाउँपालिकाबाट तलब भत्ता खाने गा.पा. अनुदान शिक्षकहरुको कार्यविधि २०८० संसोधन सहित स्वीकृतिका लागि कार्यपालिकामा अनुरोध गर्ने निर्णय सर्वसम्मती बाट पारित गरियो ।